फाइजरद्वारा प्रेषित

# कोरोनाभाइरस खोपका निर्देशनहरु

**कोरोनाभाइरस खोपका बारेमा**

यो कोरोनाभाइरसकोखोपकेन्द्रीय र स्थानीय सरकारको खोप कार्यक्रम(SARS-CoV-2) को एक हिस्साको रूपमा संचालनमा आउँदैछ। यस खोपलाईसार्बजनिक कोषद्वारा कभर गरिएको छ र खोप लिन चाहनेहरूलाई नि:शुल्क उपलब्ध गराउनेछ। यो खोप १२ बर्ष तथा सोभन्दा बढि उमेरकाव्यक्तिको लागि लक्षित गरिएको छ।

**खोपको प्रभावकारिता र खोप लिने विधि**

यस पटक दिइने खोप फाइजरद्वारा बनाएइको हो। यस खोपले कोरोनाभाइरस लाग्नबाट रोक्दछ।
खोप नलिने ब्यक्तिहरू भन्दा खोप लिने ब्यक्तिहरूलाई कोरोनाभाइरस संक्रमण कम हुन्छभन्ने कुरा पत्ता लागेको छ।
(यसकोप्रभावकारिता करीव ९५%रहेको प्रतिवेदन आएको छ।)

| | |
|---|---|
| नाम | Comirnaty® intramuscular injection |
| क्षमता र प्रभाबहरू | SARS-CoV-2 को संक्रमणको रोकथाम |
| खोपकोडोज र समय अन्तराल | २ पटक (सामान्यतया ३ हप्ताको दुरिमा)<br>*इन्ट्रामस्क्युलरइन्जेक्शन |
| खोपको लक्षित उमेर | १२ बर्ष तथा सोभन्दा माथिका व्यक्तिहरू (१२ बर्ष भन्दा कम उमेरका व्यक्तिकालागि यसको प्रभावकारिता र सुरक्षाका बारे अझै स्पष्ट भएको छैन।) |
| खोपको मात्रा | ०.३ एम.एल. प्रति डोज, जम्मा २ डोज |

- दोस्रो खोप प्राय पहिलो खोपको ३हप्तापछि दिइन्छ। (यदि खोप लिएको ३हप्ताभन्दा बढी समय भएमा दोस्रो खोप जति सक्दो चाँडो लिनुहोस् ।)
- यदि तपाईंले पहिलो डोजका लागि यो खोप लिनुभयो भने, दोस्रो डोज पनि यही खोप लिनुहोस् ।
- यस खोपको दोस्रो डोज लिएको ७ दिन पछि मात्र पर्याप्त रोग प्रतिरोधात्मक शक्ति प्राप्त हुन्छ भन्ने बिश्वास गरिन्छ।अहिलेको अवस्थामासंक्रमण रोक्न यसको प्रभावकारिता निर्धारित गरिएको छैन। तपाईंले खोप लिएपनि नलिएपनि संक्रमण रोकथामकाउचित उपायहरू अपनाउनु पर्दछ।

**खोप लिन नमिल्ने ब्यक्तिहरु**

निम्न कुरा भएका व्यक्तिहरुले यो खोप लिन मिल्दैन। यदि तलका कुनै कुरा मिल्न गएमा खोप लिनुभन्दा अगाडि डाक्टरसँग परामर्श गर्नुहोस् ।

- ज्वरोआएको व्यक्तिहरू (*१)
- गम्भीर रोगबाट ग्रस्त व्यक्तिहरू
- यस खोपमा भएका तत्वहरूसँग स्वास्थ्यमा गम्भीर संवेदनशीलता(*२) भएका व्यक्तिहरू
- माथि उल्लेखित बाहेक व्यक्तिहरु जसले यो खोप प्राप्त गर्न सक्दैनन् ।

**(पछाडि पल्टाउनुहोस्।)**

(*१) सामान्यतया ज्वरो ३७.५ डिग्री भन्दा बढी तापक्रमलाई बुझिन्छ। जहाँसम्मतापक्रम ३७.५ डिग्री सेल्सियस भन्दा कम भए पनि सामान्य शरीरको तापक्रमको आधारमा यसलाई ज्वरोको रूपमा मानेको केसहरूमा यो आवश्यक रूपमा लागू हुँदैन।
(*२) एनाफिलाक्सिस र एनिफिलाक्सिस को बहुलक्षणहरू जस्तैसामान्य छाला तथा म्यूकस झिल्ली सिन्ड्रोम, सास फेर्दा घ्यार-घ्यार आवाज आउने, स्वास-प्रश्वास सम्बन्धि रोग (डिस्प्निया), टाचिकार्डियार हाइपरटेन्सन भएका व्यक्तिहरु।

**खोप लिनेबेला सावधान हुनुपर्ने व्यक्तिहरु**

यस खोपकासम्बन्धमानिम्न मध्ये कुनै पनि कुरा मिल्न गएमा सावधान हुनुपर्छ र खोप लिनुअघिको परामर्शका बेला डाक्टरलाई बताउनुहोस्।

- एन्टीकोआगुलेन्ट थेरापीका ब्यक्तिहरू, थ्रोम्बोसाइटोपेनिया वा कोगुलेसन डिसआर्डर भएका ब्यक्तिहरू
- बिगतमा रोग प्रतिरोधक्षमतामा कमी (इम्युनोडेफिशियन्सी) पत्ता लागेको व्यक्ति वा नजिकका आफन्तहरू जन्मजात प्रतिरोध क्षमता कमभएका व्यक्तिहरू
- मुटु, मृगौला, कलेजो, रक्त संचारतथा शारीरिक विकास सम्बन्धी अन्तर्निहित चिकित्सा अवस्थाका व्यक्तिहरू
- विगतमा खोप लिँदाखोपलिएको २ दिनभित्र ज्वरो वा शरीरको कुनै भागमा दागहरु जस्ताएलर्जीका लक्षणहरूभएका व्यक्तिहरू
- बिगतमा ऐंठन (काम्ने, मुर्छा हुने) भएकाव्यक्तिहरू
- यस खोपमा भएका रासायनिक पदार्थबाट एलर्जी हुन सक्ने व्यक्तिहरू

गर्भवती एवम्गर्भवती भएको शंकाभएका व्यक्ति तथा स्तनपान गराइरहेका व्यक्तिहरूले खोप लिनुअघिको परामर्शकासमयमा डाक्टरलाई भन्नुहोस् ।
यस खोपमा एक पदार्थसमावेश छ जुन पहिले खोपमा कहिल्यै प्रयोग भएको थिएन। यदि तपाईंसँग बिगतमा औषधि प्रति अत्यधिक संवेदनशीलता वा एलर्जी भएको छ भने, खोपपूर्व परामर्शको समयमा डाक्टरलाईभन्नुहोस् ।

**खोप लिएपछिको सावधानी**

- यो खोप लिई सकेपछि, कृपया तपाईले खोप लगाउनु भएको स्थानमा कम्तिमा १५ मिनेट पर्खनुहोला(गम्भिर एलर्जीको लक्षणहरू भएकावा अस्वस्थता महसुस हुने,अचेत महसुस हुने व्यक्तिहरू कम्तिमा ३० मिनेट पर्खनुहोला)र यदि तपाईंलाई अस्वस्थ महसुस भएमा तुरुन्त आफ्नोडाक्टरलाई सम्पर्क गर्नुहोस्। (यसले अचानक हुने साइड इफेक्टको समाधान गर्न सम्भव हुन्छ ।)
- सुइ लगाएको ठाउँ सफा राख्नुपर्छ।त्यहि दिन नुहाउनपनि सकिन्छ तरसुइ घोचेकोठाँउमा नमाड्नुहोला।
- खोप लिएको दिनमा कडा ब्यायाम नगर्नुहोस्।

**साइड इफेक्ट**

मुख्य साइड इफेक्टमा इन्जेक्शन गरिएको ठाउँमा दुखाइ, टाउको दुख्ने, जोर्नी तथा मांसपेशी दुख्ने, थकान, जाडोर ज्वरो पर्दछन् । गम्भिर साइड इफेक्टमा सक हुने वा चिलाउने-फोका उठ्ने (एनाफिलाक्सिस)सम्म हुनसक्छ । यो खोप नयाँ प्रकारको भ्याक्सिन भएकाले गर्दाअहिलेसम्म नदेखिएका अन्य लक्षणहरू पनिदेखिनसक्छन् । यदि तपाईंले खोप लिएपछि कुनै लक्षणहरू देख्नुभयो भने, खोप दिने चिकित्सक वा तपाइँको पारिवारिक चिकित्सकसँग सल्लाह लिनुहोस्।

(पछाडि पल्टाउनुहोस्।)

**खोपबाट स्वास्थ्यलाई हानी पुग्न गएमात्यसको राहत प्रणालीका बारेमा**

खोपले स्वास्थ्य समस्याहरू निम्त्याउन सक्ने कुरालाई मध्यनजर गरी यसको राहत प्रणाली स्थापित गरिएको छ।
कोरोना-भाइरस खोपको कारणले स्वास्थ्यमा क्षति भएको खण्डमा, खोप ऐन अन्तर्गत राहत (चिकित्सा खर्च, अशक्त पेन्शन लाभहरूआदि) लिन सकिन्छ। यसको आवश्यक आवेदनप्रक्रियाको लागी आफुबसोबास गर्ने नगरपालिकामा परामर्श गर्नुहोस् ।

**कोरोना-भाइरस संक्रमणको बारेमा**

जब SARS-CoV-2को संक्रमण हुन्छ, ज्वरो र खोकीजस्ता सामान्य रुघाकोजस्तै लक्षणहरू देखिन्छ। धेरै व्यक्तिहरूमा यस्ता हल्का लक्षणहरू आफैं निको हुने भएपनि गम्भिर सवालहरूमा निमोनियाका लक्षणहरू जस्तै सास फेर्न गाह्रो हुँदै जान्छ र मृत्युसम्म पनि हुन सक्छ।

**यस खोप (फाइजरद्वारा निर्मित भ्याक्सिन) का विशेषताहरू**

यो औषधि मेसेन्जर आरएनए (mRNA) भ्याक्सिन हो, र SARS-CoV-2 को स्पाइक प्रोटीनको (भाइरस मानव शरीरमा प्रवेश गर्नको लागि आवश्यक प्रोटिन) एउटा mRNAफोरमुलेसन हो जुनलिपिड झिल्लीमा राखिएको हुन्छ।
यस mRNAलाई खोपबाट मानव शरीरको कोषिकाभित्र राखेपछि त्यसबाट भाइरसको स्पाइक प्रोटीनको उत्पादन भई, त्यस बिरुद्ध एन्टिबडि र कोषिकाको प्रतिरक्षा प्रणालीमा प्रेरित गरिन्छ, जसबाटSARS-CoV-2को संक्रमणको रोकथामहुन्छ भनेर सोचिएको छ।
यस औषधिमा निम्न सामग्रीहरू समावेश छन् ।

| | |
|---|---|
| सक्रिय पदार्थ (Active ingredient) | ✧ Tozinameran (मानव कोषिकाको झिल्लीमा समाहित हुने स्पाइक प्रोटिनको पूरा कोड गरिएको mRNA) |
| अन्य योजक (Additives) | ✧ ALC-0315: [(4-hydroxybutyl)azanediyl]bis(hexane-6,1-diyl)bis(2-hexyldecanoate)<br>✧ ALC-0159: 2-[(polyethylene glycol)-2000]-N,N-ditetradecylacetamide<br>✧ DSPC: 1,2-Distearoyl-sn-glycero-3-phosphocholine<br>✧ Cholesterol<br>✧ Potassium chloride<br>✧ Monobasic potassium phosphate<br>✧ Sodium chloride<br>✧ Dibasic sodium phosphate dihydrate<br>✧ Sucrose |

कोरोनाभाइरस खोपको प्रभावकारिता र सुरक्षाका बारे थप जानकारीको लागि कृपया स्वास्थ्य, श्रमतथाकल्याणमन्त्रालयको वेबसाइटमा हेर्नुहोस्।

Ministry of Health, Labor and Welfare Novel Coronavirus Vaccines | Search

यदि तपाईं वेबसाइट हेर्न असमर्थ हुनुहुन्छ भने, कृपया तपाईंको स्थानीयपालिकामा सम्पर्क गर्नुहोस्